डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।
डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,
त्यसैले, वन पैदावारको सङ्कलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com

Kirloskar
Oil Engines


अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ वैशाख ०८ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 April 21 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३२

## सखुवापरसौनीमा चुनावी चहलपहल बढ्दै

प्रस, सेढवा, ७ वैशाख/

वैशाख ३० गते हुने स्थानीय चुनावको चहलपहल सखुवापरसौनी गाउँपालिकामा पनि बढेको छ।


प्रदीप जैसवाल


फूलमतिदेवी थरूनी

गापा अध्यक्ष प्रदीप जैसवालले यस पटक पनि सोही पदमा उम्मेदवारी दिने चर्चा छ। जसपाबाट उपाध्यक्ष पदका लागि शर्मिला वशिष्ट महतोको नाम चर्चामा छ भने वडाध्यक्षमा अशोकसाह तेली, चिरञ्जीवी चौधरी, मस्फीत अन्सारी, रूपलाल यादव र मुना राउत कंकडको नाम पनि चर्चामा छ।

नेकपा एमालेबाट अध्यक्ष पदमा जसवन्त यादव, उपाध्यक्ष पदमा वर्तमान उपाध्यक्ष फूलमतिदेवी थरूनीको नाम चर्चामा छ। थरूनी गत वर्षको निर्वाचनमा मधेसी जन अधिकार फोरमबाट निर्वाचित भएकी थिइन्। यसपटक उनी एमालेमा प्रवेश गरेर सोही पार्टीबाट चुनाव लड्ने सम्भावना छ। एमालेबाट अध्यक्षमा नाम चर्चामा रहेका जसवन्त यादव गत स्थानीय चुनावमा स्वतन्त्र उम्मेदवार थिए। अहिले उनी एमाले प्रवेश गरेका छन् र सोही पार्टीबाट चुनाव लड्ने चर्चा छ।


एमालेबाट वडाध्यक्षका लागि वासुदेव महतो, अनुप कुर्मी, हारिक अंसारी, जदु साह, राजकिशोर कायस्थ, इनरदेव महतो, भूपदेव रायको नाम चर्चामा छ। नेपाली काङ्ग्रेसबाट अध्यक्षमा नीलराज गिरी र शैलेन्द्रप्रसाद यादवको नाम चर्चामा छ। उपाध्यक्ष र वडाध्यक्षमा सखुवापरसौनीबाट नेकाबाट धेरैजना आकाङ्क्षी छन्। उनीहरूको नाम सिफारिश र टुङ्गो लगाउने विषयमा निकै रस्साकस्सी भइरहेको छ।

नेपाल सुशासन पार्टीबाट अध्यक्षमा प्रदीप चौधरी र देवनारायण चौधरीको नाम चर्चामा छ।

## वीरगंज महानगरमा एमाले र लोसपाबीच तालमेल भएको छैन, प्रयास भइरहेको छ -नेताहरू

प्रस, वीरगंज, ७ वैशाख/

आसन्न स्थानीय तहको चुनावमा मधेस प्रदेशको एक मात्र महानगर वीरगंजमा नेकपा एमाले र लोसपाबीच हाल तालमेल गर्ने सहमति भएको छैन। सहमतिको प्रयास भइरहेको नेताहरूले बताएका छन्। केही सञ्चार माध्यममा तालमेल भएको खबरको सम्बन्धमा स्पष्टीकरण दिंदै दुवै दल एमाले र लोसपाका जिल्ला तहका नेताहरूले सहमति नभएको स्पष्ट पारेका छन्।


तस्वीरः प्रतीक


एमाले पर्साका नेता तथा केन्द्रीय सदस्य राजकुमार गुप्ताले तालमेलबारे सहमति गर्ने प्रयास अनौपचारिक प्रयास मात्र भएको बताएका छन्।

"वीरगंज महानगरमा मात्रै तालमेल गर्ने छलफल भएको हो, अहिले नै तालमेलको सहमित भएको होइन"–उनले भने–"अहिले अनौपचारिक कुरा मात्रै भएको छ, औपचारिक बनाउन न बैठक बस्न सकेको छ, न छलफल हुन सकेको छ।" एमालेकै केन्द्रीय सदस्य अरविन्द सिंहले महानगरको मेयर र उपमेयरमा तालमेल गरी अघि बढने मौखिक सहमति भएको तर औपचारिक सहमति हुन बाँकी रहेको बताए। उनले सम्भवतः बुधवार रातिसम्म तालमेल गर्ने कि नगर्ने टुङ्गो लाग्ने बताए। उनले एमाले र लोसपाका जिल्ला र प्रदेश कमिटीका नेताहरू जनकपुरबाट राति वीरगंज फर्किरहेको र भोलि औपचारिक बैठक बस्ने सल्लाह भएको जानकारीसमेत गराए।

एमालेले वीरगंज महानगरमा मेयरमा विजयकुमार सरावगीलाई अघि सार्ने र लोसपाबाट उपमेयरमा मात्र तालमेल गर्न खोजेको छ।

वडा स्तरमा छुट्टाछुट्टै चुनावमा भाग लिने एमालेको तयारी छ। एमालेका नेता तथा संविधानसभा सदस्यसमेत रहेका नेता राजकुमार गुप्ताले भने–"हामीले उपमेयरमा तालमेल गरी लोसपाबाट कसलाई पठाउने भनेर निर्णय मागेका थियौं, तर अहिलेसम्म लोसपाले निर्णय गर्न सकेको छैन, लोसपामैं अहिले विवाद छ।"

लोसपा नेता तथा प्रदेश सांसद रमेश कुर्मीले एमालेसँग लोसपाको तालमेलबारे खासै छलफल नभएको बताए। उनले तालमेलबारे सूचना भएको तर तालमेल नभएको स्पष्ट पार्दै तालमेल भयो भने पछि सबैलाई थाहा भइहाल्ने बताए।

एमालेले उपमेयरमा लोसपाबाट उम्मेदवार मागेकोमा लोसपामा अहिले जिल्ला अध्यक्ष पुरुषोत्तम झा वा गत स्थानीय तहमा राजपाबाट उपमेयरमा चुनाव लडेकी रम्भा मिश्रमध्ये कसलाई पठाउनेबारे समझदारी हुन नसकेको लोसपाका नेताहरूले बताएका छन्।

## औषधि व्यवस्था विभागद्वारा अनुगमनको नाममा आतङ्क

प्रस, वीरगंज, ७ वैशाख/

औषधी व्यवस्था विभाग शाखा कार्यालय वीरगंजमा कार्यरत कर्मचारीहरूले फार्मेसी अनुगमनको नाममा वीरगंज बजारमा आतङ्क मचाएको समाचार छ।

देशकै प्रमुख बजारको रूपमा रहेको वीरगंजमा ठूला-ठूला औषधी उत्पादक, स्टकिस्ट तथा खुद्रा पसलहरूलाई छाडेर ससाना पसलहरूमा पुगी आतङ्क मचाएको जानकारी प्राप्त भएको छ। ठूल्ठूला अस्पतालमा रहेका औषधीहरूबाट मासिक अवैध रकम लिई छोडने तर ससाना पसलहरूमा पुगी कार्य प्रगति देखाउन झारा टार्ने काम भइरहेको औषधी पसललेहरूको आरोप छ।

समाचार स्रोतका अनुसार बजार अनुगमन गर्न आवश्यक परेका औषधी सङ्घ, जिल्ला प्रशासन कार्यालय, प्रहरीलगायत अन्य सरोकारवालाहरूको उपस्थिति चाहिन्छ। तर कार्यालयले सरोकारवालाहरूलाई खबरसमेत नदिई एक्लै अनुगमनमा जाने कारबाईको धम्की दिने प्रमाण भेटिएको छ। ससाना व्यापारीहरू केही कमाउन रक्सौल पुगी आफैं औषधी खरीद गरी ल्याएर बिक्री गर्दा नियमविपरीत भएको भन्दै वीरगंजका थोक बिक्रेताको दबाबमा


तस्वीरः प्रतीक


परी कारबाई गर्ने, रकम दिए छुट दिने कार्यलयकै कर्मचारीहरू स्वीकार गर्छन्।

औषधी व्यवस्था विभाग वीरगंज शाखाका अन्तर्गत बारा, पर्सा रौतहट, मकवानपुर, चितवन, सर्लाही, धनुषा, सिन्धुली, महोत्तरी गरी ९ जिल्ला पर्दछ र कार्यालयलाई औषधी तथा औषधीजन्य वस्तुको अनुगमन गर्ने अधिकार छ।

सो विषयमा जान्न खोज्दा कार्यालयका निमित्त प्रमुख मुकेन्द्र पंजियारले आफू आएको एक महीना मात्र भएको र पेन्डिगमा रहेका फाइलहरू अध्ययनपछि प्रमाण सबुतको आधारमा ६ जनालाई कारबाईको सिफारिश गरेको बताए।

प्रमुख पंजियारका अनुसार यस अघि अहिलेसम्म वीरगज शाखाले एउटा पनि पसललाई कारबाई नगरेको बताए। आफू सरुवा भई आएपछि पर्सामा ३२, महोत्तरीमा १५, धनुषामा ३५, बारामा चार, रौतहट र सर्लाहीमा चार-चार वटा पसलको अनुगमन गरेको जानकारी दिए।

## छोटकरी

### फरार अभियुक्त पक्राउ

प्रस, वीरगंज, ७ वैशाख/

जीउ मास्ने-बेच्ने मुद्दामा सजाय भएपछि २३ वर्षदेखि फरार एकजनालाई जिप्रका पर्साले पक्राउ गरेको छ।

जिप्रका पर्साका प्रवक्ता प्रनाउ ओमप्रकाश खनालले २०४६ सालमा दुईजना महिलालाई भारतको मुम्बईमा बिक्री गरेको कसूरमा तत्कालीन ठोरी गाविस-९ हाल उदयपुरकटारी नपा-३ बस्दै आएका ५७ वर्षीय विष्णुबहादुर थापालाई आज पक्राउ गरिएको बताए।

उनले कटारीमा लुकेर बसेका थापामाथि पर्सा जिल्ला अदालतले २०६१/१२/१४ मा १० वर्ष कैद २५ हजार जरिवाना भएपछि थापा फरार भएको र निजलाई आज सो ठाउँबाट पक्राउ गरिएको बताए।

## सिटिजन बैंकको वार्षिकोत्सवमा रक्तदान

प्रस, वीरगंज, ७ वैशाख/

सिटिजन बैंक इन्टरनेशनल मधेस प्रदेशको आयोजनामा बुधवार भएको रक्तदान कार्यक्रममा चारजना महिलासहित ५३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए।

बैंकको वार्षिकोत्सवमा आयोजित रक्तदान कार्यक्रममा सृष्टि कर्ण, सुभद्रा पाठक, उर्मिला महतो, सौरभ श्रेष्ठ, सुनील चौधरी, विकाश सोनार, धन बैठा, सुरज खड्का, सुनील कलवार, जितेन्द्र गिरीलगायतले रक्तदान गरेको केन्द्रका प्राविधिक झाले बताए।

रक्तदान कार्यक्रममा बैंकका प्रदेश प्रबन्धक दिवश ठकुरी, शाखा प्रबन्धक सनी खतिवडालगायतको सहभागिता थियो।


तस्वीरः सौजन्य

## गठबन्धनको निर्णयमा असन्तुष्ट पर्साका काङ्ग्रेसी नेता देउवा फकाउन काठमाडौंमा

प्रस, वीरगंज, ७ वैशाख/

सत्ता गठबन्धनले गरेको निर्णय पुनर्विचार गर्न पर्साका काङ्ग्रेसी नेताहरू डेलिगेशन लिएर काठमाडौं पुगेका छन्।


नेता रमेश रिजाल, अजय चौरसिया, पूर्वमन्त्री सुरेन्द्र चौधरी, संविधानसभा सदस्य अनिल रूंगटा।

काङ्ग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवासँग भेट्न उनीहरू डेलिगेशन लिएर काठमाडौं गएका हुन्। पर्साका काङ्ग्रेसी नेताहरूको टोलीले उनलाई भेटेर निर्णयमाथि पुनर्विचार गर्न माग गरेका छन्।

वीरगंज महानगरपालिकामा जनता समाजवादी पार्टी (जसपा) ले मेयर र काङ्ग्रेसले उपमेयर पाउने सत्ता गठबन्धनको निर्णयमा आपत्ति जनाउँदै पर्सेली काङ्ग्रेसको टोलीमा पार्टीका केन्द्रीय सदस्य रमेश रिजाल, अजय चौरसिया, पूर्वमन्त्री सुरेन्द्र चौधरी, संविधानसभा सदस्य अनिल रूंगटा, जिल्ला सभापति जनार्दनसिंह क्षत्री लगायतको टोली बुधवार बिहान काठमाडौं गएको छ। अन्य ठाउँमा गठबन्धन गरे पनि पर्सा जिल्लामा गठबन्धन नगर्दा पार्टीलाई फाइदा हुने भनी नेताहरूले देउवालाई दबाब दिन खोजेका थिए। पर्सेली काङ्ग्रेसी नेताहरूले यस अघि पनि गठबन्धनले काङ्ग्रेसको पक्षमा निर्णय नगरे छुट्टै उम्मेदवार उठाउने चेतावनीसहित निर्णय गरेका थिए। तर गठबन्धनको निर्णयप्रति विरोध जनाउनुको साटो नेताहरू सुटुक्क काठमाडौं पुगेर देउवालाई निर्णयमा पुनर्विचार गर्न दबाब दिने प्रयास गरेका छन्।

निर्णय सार्वजनिक भइसकेकोले निर्णय संशोधन हुन्छ भन्ने आशा कम रहेको टोलीकै नेताहरूले बताएका छन्। नेपाली काङ्ग्रेस पर्साका सभापति जनार्दनसिंह क्षत्रीले बुधवार रातिसम्म संशोधित निर्णय आयो भने ठीक, नत्र गठबन्धनकै निर्णयमा चित बुझाउनुपर्ने बताए।

"जिल्लाका कार्यकर्ताहरू गठबन्धनको निर्णयबाट असन्तुष्ट छन्, हामीले प्रधानमन्त्रीसमक्ष ब्रिफ गरेका छौं"–उनले भने–"उहाँले अब सबै भइसक्यो, हेर्छु भन्नुभएको छ, तर विषम परिस्थिति नै बन्यो भने पनि हामी त्यसलाई सहज परिस्थितिमा बदल्न कुनै कसर बाँकी राख्नेछैनौं।"

वीरगंज महानगरपालिकामा काङ्ग्रेस बलियो रहेको हुँदा मेयरमा अरूलाई आत्मसमर्पण गर्नुले नेपाली काङ्ग्रेसलाई नै दीर्घकालमा क्षति पुग्न सक्ने नेपाली काङ्ग्रेस वीरगंज महानगर समितिका सभापति मणीन्द्रलाल श्रेष्ठको बुझाइ छ।

## विचारसार एवं सूक्तिहरु

**आफूमाथिको भरोसाले शक्ति बढाउँछ, अरूमाथिको भरोसाले कमजोर बनाउँछ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## सर्वसम्मति झार्रा टार्ने कार्य

**स्थानीय तहको यही वैशाख ३० गते हुने निर्वाचनका लागि जिल्ला प्रशासन कार्यालय, पर्साले सर्वदलीय बैठक गरेर राजनीतिक दलहरूसँग निर्वाचन स्वतन्त्र र निष्पक्ष गर्ने विषयमा सहमति गरेको छ। पर्सा जिल्लामा स्थानीय तहको निर्वाचनका लागि तीसवटा राजनीतिक दल चुनावी मैदानमा छन्। तर नाम चलेका र प्रभावकारी भूमिका निर्वाह गर्ने भनेको औंलामा गन्ति हुने दलहरू मात्र छन्। कौडी खेलमा चार दाउ हुन्छ। चाडपर्वका अवसरहरूमा खेलिने कानूनतः वर्जित यो जुवामा चारजना खेलाडीबाहेक च्याखे थाप्नेहरू पनि हुन्छन्। यस अर्थमा स्थानीय चुनावमा च्याखे थाप्ने दलहरू पनि नभएका होइनन्। पर्सा जिल्लाको सन्दर्भमा मात्र कुरा गर्ने हो भने नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीको बढी चर्चा छ। यसका साथै नेकपा एकीकृत समाजवादी पार्टी, राप्रपा र राप्रपा नेपालगायत दलहरूको पनि थोरबहुत प्रभाव छ। पर्सा जिल्लामा हुने चुनावमा प्रभाव पार्ने भनेका माथि उल्लिखित दलहरू मात्र हुन्। उनीहरूलाई राखेर जिल्ला प्रशासन कार्यालयले चुनाव निष्पक्ष र स्वतन्त्र गर्ने विषयमा विभिन्न समझदारी गरेको छ। उसले समझदारी गर्दा निर्वाचन आचारसंहिता पालना र निर्वाचन कानूनको पालना गर्ने निर्णय पनि गरेको छ। ठूला राजनीतिक दल हुन् अथवा साना, सहभागी सबैले सो निर्णय कार्यान्वयन गर्ने सहमति जनाएका छन्।**

**तर निर्वाचन आचारसंहिता पालना हुने विषयमा जागरूक नागरिकहरू सशङ्कित छन्। किनभने प्रशासनले गरेको सहमति झारा टार्नका लागि मात्र भएको विषयमा दुईमत छैन। किनभने सहभागी राजनीतिक दलहरूलाई अहिलेसम्म निर्वाचन आयोगले जारी गरेको आचारसंहिताबारे जानकारी छैन र सो बैठकमा पनि जानकारी गराउने कार्य भएन। निर्वाचन आयोगले चैत १६ मा जारी गरेको १७ बुँदे र चैत २२ गते जारी गरेको ६० बुँदे निर्देशनबारे जानकारी हुने कुरै भएन। यतिबिघ्न निर्देशन, कानूनको जानकारी राखेर स्थानीय चुनावमा उम्मेदवारहरू भाग लेलान् भनेर विश्वास पनि गर्न सकिंदैन। यस अघिको स्थानीय तह निर्वाचनमा दल र तिनका प्रतिनिधिहरूलाई निर्वाचन आचारसंहिता र निर्वाचन निर्देशिकाबारे जानकारी गराइन्थ्यो। यसपटक त्यो काम भएको छैन। जसको परिणाम अहिलेदेखि निर्वाचन आचारसंहिताको धज्जी उडाउने कार्य भइरहेको छ। उदाहरणका लागि प्रमुखको उमेदवारले चारपाङ्ग्रे सवारी साधन दुईवटा र दुई पाङ्ग्रे सवारी साधन चारवटा प्रयोग गर्न पाउने भनिएको छ।**

**वीरगंज महानगरको मात्र सेरोफेरोमा यो आचारसंहिता प्रमुखका दावेदारहरूले पालना गरेका छन् त, अवश्य पनि छैनन्। सामान्य सवारीका साधनहरूको दुरुपयोग भइरहेको टुलुटुलु हेर्न बाध्य स्थानीय प्रशासन आचारसंहिताका अरू अंशहरूको पालना भए नभएबारे अनुगमन गर्ने, कार्यवाही गर्ने हिम्मत छुटाउन सक्ला भनेर आम प्रश्न तेर्सिएको छ। गत वर्षको कुरा गर्ने हो भने निर्वाचन कार्यालयसँग पर्सा जिल्लामा कति राजनीतिक दलहरू सहभागी भए, कति उम्मेदवार थिए, उनीहरूमध्ये कतिजना उम्मेदवारले खर्च विवरण पेश गरे यावत् कुराहरूको कुनै लेखाजोखा छैन। यसर्थ झारा टार्ने कार्य गर्नुको साटो नियम कानून, निर्देशन पालना हुने गरी प्रभावकारी कार्य गर्नु उपयुक्त होला।**

# एसइई पर्खिरहेको नेपालको शिक्षा क्षेत्र

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**यसपटकका परीक्षार्थीले खासै पढ्न पाएका छैनन्। पढ्न समय नै नपुगेको अवस्थाले हो। यसले गर्दा परीक्षाको भनेजस्तो तयारी हुन नसकेको यथार्थको धरातलमा परीक्षार्थीहरूले परीक्षा दिइरहेका छन्। हाम्रो समाजले पनि यस कुरालाई राम्ररी बुझेको छ।**

अन्ततः एसइई घर-आँगनमा आइपुगेको छ। एसइई भन्नासाथ अधिकांशले अझै पनि एसएलसी बुझ्ने गरेका छन्। एलएलसी र एसइई दुवै एउटै त होइन तर दुवै चाहिं दुई समयमा कक्षा दश उत्तीर्ण गर्ने औपचारिक परीक्षा हो भन्ने स्पष्ट छ। नेपालमा लामो समय कक्षा दशको अन्तिम परीक्षालाई एसएलसी भनियो। यसले गर्दा सबैतिर अझै पनि एलएलसी नै सजिलोगरी बुझ्ने गरिन्छ। एसइईको तयारी करीब भइ नै सकेको छ।

एसइईको तयारी विद्यार्थीले धेरै कम गरेका छन् वा गर्न पाएका छन्। विद्यार्थीले किन एसइईको तयारी गरेका छैनन् भने पहिले दुई वर्ष एसइई परीक्षा भएन। एसइईको समयमा कोरोनाको कहर निकै विकराल थियो। कोरोनाको कहरले गर्दा दुई वर्ष एसइई परीक्षा सञ्चालन हुन नसकी विद्यालयले नै पठाएको नम्बरबाट एसइईको प्रमाणपत्र दिने काम सम्बन्धित परीक्षा बोर्डले गरेको थियो। विद्यार्थीले, चाहेको विषयमा विद्यालयबाट, चाहेकै नम्बर पाएका थिए। वार्षिक परीक्षा भएको थिएन। अर्थात् अहिले एसइई दिइरहेका परीक्षार्थीले कक्षा आठ र कक्षा नौमा वार्षिक परीक्षा दिन पाएका छैनन्। यसले गर्दा वार्षिक परीक्षाको पछिल्लो दुई वर्षको अनुभवको अभाव छ। पहिले टेस्ट परीक्षा लिइन्थ्यो। अहिले यसलाई पूरै हटाइएको छ। केही विद्यालयमा 'एसइई अभ्यास परीक्षा' भनेर टेस्ट परीक्षा लिने चलन छ तर वास्तवमा संस्थागत विद्यालयमा यो प्रणाली सीमित बन्न पुगेको छ। सामुदायिक विद्यालयमा कुनै विद्यालयले एसइईको लागि तयारी परीक्षा भनेर टेस्ट लिन खोज्दा पनि सम्बन्धित पालिका वा अभिभावकले नै किन लिएको भनेर प्रश्न गर्न थाल्दछन्। यसरी पनि एसइईको तयारी विद्यार्थीहरूले राम्ररी गर्न पाएका छैनन्। अर्को कारण पनि छ। गत वर्ष शैक्षिक सत्र असारदेखि शुरू भएको हो। असारदेखि शुरू भएको मानिएको हो तर कोरोनाको उत्कर्ष समय रहेकोले वास्तवमा कतै भदौको अन्तिम, कतै असोजको पहिलो हप्ता र कतै दोस्रो हप्तादेखि मात्र कक्षा सञ्चालन भयो। असारदेखि नै अनलाइन कक्षा शुरू भएको भनिए पनि वास्तवमा अनलाइन वा अन्य वैकल्पिक शिक्षा हाम्रो समाजमा खासै प्रभावकारी नदेखिएको यथार्थ हो। वैकल्पिक शिक्षा प्रभावकारी नहुनुमा विगत दुई वर्षका वार्षिक परीक्षाहरू पनि हुन्। वार्षिक परीक्षा सञ्चालन नभइकनै कक्षा उकास्ने काम भएको हुँदा र फेरि पनि कोरोनाकै अवधिमा वैकल्पिक माध्यमले कक्षा सञ्चालन हुँदा विद्यार्थीको सहभागिता हुन नसकेको हो।

ढिलोगरी कक्षा सञ्चालन भएको यथार्थबीच अर्को पनि सत्य यो देखिन्छ कि गत माघ महीनाभरि विद्यालयहरू कोरोनाकै कारण फेरि बन्द थिए। कोरोनाको कारण यसरी विद्यालयहरू बन्द हुँदा एसइई परीक्षाको तयारीमा लाग्नुपर्ने वा कक्षा दशमा पढिरहेका विद्यार्थीहरूलाई फेरि पनि के लाग्यो भने यसपटक पनि एसइई परीक्षा हुँदैन। कोरोनाको लहर आइहाले एसइई दिनुपर्दैन। पहिले दुई वर्ष जसरी अग्रजहरूले एसइईमा नम्बर पाए, जसरी परीक्षा नदिइकनै सबै राम्रो अङ्क वा ग्रेडले उत्तीर्ण भए, त्यसैगरी यसपटक पनि हुने मनोविज्ञानले काम गरेको थियो। पुनः फागुनदेखि कक्षा सञ्चालन हुन थाले पनि विद्यार्थीहरूलाई वैशाखमा परीक्षा हुन्छ भन्ने लागेकै थिएन। तर जब बोर्डले परीक्षा कार्यक्रम प्रकाशन गऱ्यो तब विद्यार्थीहरूलाई लाग्यो कि अब परीक्षा हुन्छ। यस अघि कक्षा कोठामा पढाइमा ध्यान नदिएका र दुई वर्षदेखि फिटिक्कै नपढेका विद्यार्थीहरूलाई एसइई परीक्षा भौतिक उपस्थितिमा आफ्नो विद्यालय बाहिर अर्को विद्यालयमा गएर दिनुपर्छ भन्ने कुरा पत्याउन कर लाग्यो। तर समय घर्किइसकेको थियो। समय घर्किइसकेकोले परीक्षार्थीहरूले परीक्षाको खासै तयारी गर्न नपाएको देखिन्छ।

देशमा सबैतिरको अवस्था यही छ भन्न खोजेको होइन। मुख्यतया मधेस प्रदेशमा भने यस किसिमको प्रवृत्ति देखिएको छ। अझ अधिकांश विषयमा प्रयोगात्मक राखिएको छ। शायद नै कुनै विषयको प्रयोगात्मक हुँदो हो। हैन भने परीक्षा शाखा वा लेखा शाखाले नै सबै विषयको प्रयोगात्मक विषयको नम्बर विद्यार्थीलाई दिएर पठाइदिएको हुन्थ्यो। प्रयोगात्मक परीक्षा हुन नसक्नुका धेरै कारण छन्। प्रायःजसो पालिकाले तल्लो तहको परीक्षा सञ्चालन गर्दा होस् वा विद्यालयहरूले नै परीक्षा सञ्चालन गर्दा होस्, सबै विषयको प्रयोगात्मक परीक्षा एकै दिन राखिदिएको हुन्छ। प्रयोगात्मक परीक्षाको कुनै मापदण्ड हुँदैन, कुनै आधार हुँदैन। कसरी सञ्चालन गर्ने वा कसले सञ्चालन गर्ने भन्ने पनि केही हुँदैन। प्रयोगात्मक परीक्षामा न शिक्षकको रुचि हुन्छ, न विद्यालयको, न विद्यार्थी वा परीक्षार्थी अथवा अभिभावककै। सरकारले विद्यालयस्तरको शिक्षा निश्शुल्क भनेको छ। प्रयोगात्मक परीक्षाको लागि पनि विद्यार्थीले शुल्क तिर्दैनन्। अनि विद्यालयले कुनै कार्यविधि बनाएर यसरी प्रयोगात्मक परीक्षा लिनुपर्छ भनेर शिक्षकलाई अह्राउँदैन। शिक्षकले पनि प्रयोगात्मक परीक्षा सञ्चालन गरेबापत केही पाउने आशा हुँदैन। अनि किन कसैले टाउको दुखाओस्! प्रयोगात्मक परीक्षा त विद्यार्थीले केही नगरी अङ्क पाउने माध्यम भएको छ। परीक्षार्थीले सोझै अङ्क पाउँछन्। सबै पक्ष सन्तुष्ट देखिएको छ। जहाँ सबै पक्ष सन्तुष्ट हुने वातावरण छ, त्यहाँ अरू केही चाहिन्छ र ?

यसपटकका परीक्षार्थीले खासै पढ्न पाएका छैनन्। पढ्न समय नै नपुगेको अवस्थाले हो। यसले गर्दा परीक्षाको भनेजस्तो तयारी हुन नसकेको यथार्थको धरातलमा परीक्षार्थीहरूले परीक्षा दिइरहेका छन्। हाम्रो समाजले पनि यस कुरालाई राम्ररी बुझेको छ। अहिले एसइईको तयारीसँगै स्थानीय तहको चुनावको तयारी पनि भइरहेको छ। एसइई दिइरहँदा परीक्षार्थीहरूमा कुन-कुन दलबाट को-को उम्मेदवार बने वा को स्वतन्त्र उम्मेदवार बनेका छन्। एसइई सकिएको केही हप्तामा नै चुनाव हुन्छ। एसइई र चुनावमा खासै धेरै सम्बन्ध नदेखिए पनि पूरै असम्बन्धित पनि छैन। अहिले हाम्रो समाज एक हिसाबले चुनावमय भएको छ तर यसैमा एसइईमय पनि बनेको छ। सम्पूर्ण शिक्षा क्षेत्रमा अहिले एसइईको चर्चा छ। शिक्षण समाज त पूर्णरूपमा एसइईमय भइसकेको छ भने शिक्षासित जोडिएको वर्ग तथा जुन परिवारमा एसइईका परीक्षार्थी छन्, तिनको माध्यमले सम्पूर्ण समाज पनि एसइइमा सहभागी भइसकेको छ। समाजमा चुनावको वातावरण र एसइईको वातावरण एकसाथ बनेको छ र दुवैतिर समाज परिचालित भइसकेको छ।

गत दुई वर्ष एसइई परीक्षा सञ्चालन नभएर परीक्षार्थीले सोझै विद्यालयबाट ग्रेड प्राप्त गरी राम्रो ग्रेडमा उत्तीर्ण हुँदा एसइई उत्तीर्ण परीक्षार्थीको गुणस्तरमाथि प्रश्न उठेको थियो। नपढीकनै राम्रो ग्रेड ल्याएर उत्तीर्ण भएको भनेर आलोचनाका केही स्वर बाहिरिंदा, एकातिर समाजमा पढाइको मूल्य कम भएको अनुभूति हुन थालेको थियो भने अर्कोतिर पढ्दै नपढी पास हुँदा पढ्न आवश्यक नरहेको मनोविज्ञान विद्यार्थीमा पलाउने डर थपिएको थियो। तर अहिले एसइई घर-आँगन अर्थात् दैलोमैं आइपुगेको छ। यसले मर्यादा कायम गर्न सफलता प्राप्त गरोस्, एसइई सफल होस्, लाखौं विद्यार्थीको भविष्य राम्रो होस् तथा लाखौं परिवारको आशाको जुन केन्द्र अहिलेका परीक्षार्थीहरू बनेका छन्, ती परिवारको आशा फलिभूत होस्। देशले राम्रो जनशक्ति प्राप्त गरोस् र अहिले परीक्षा दिइरहेका परीक्षार्थीहरूले भविष्यमा धेरै राम्रो गरेर आफ्नो पहिचान बनाउन सफल होऊन् भन्ने शुभकामना व्यक्त गर्दछु। एसइई सम्पूर्णतः शान्तिपूर्णरूपले सम्पन्न होस् भन्ने कामना पनि गर्दछु !

# सामाजिक सुरक्षा कोषको परिपत्र देखाएर उपचार सुविधा पाउने

काठमाडौं, ७ वैशाख/रासस

सामाजिक सुरक्षा कोषले योगदानकर्ताको स्वास्थ्योपचार सुविधालाई व्यवस्थित बनाएको छ।

अब कोषमा सूचीकृत योगदानकर्ताले कोषले उपलब्ध गराएको सामाजिक सुरक्षा नम्बरसहितको परिचयपत्र देखाएर विभिन्न अस्पतालबाट स्वास्थ्योपचार सेवा लिन सक्ने भएका छन्।

यस अघि योगदानकर्ताले सूचीकृत अस्पतालमा उपचार गरेको बील पेश गरेर उपचार सुविधा लिंदै आएका थिए। कोषले देशभरका एक दर्जन बढी अस्पतालसँग सम्झौता गरी योगदानकर्ताले परिचयपत्र देखाएर औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुविधा लिन सक्ने व्यवस्था मिलाएको छ।

योगदानकर्ताले बिर्तामोडस्थित मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल, विराटनगरस्थित विराट मेडिकल कलेज, नोबेल मेडिकल कलेज र हाम्रो अस्पताल, सर्लाहीस्थित नमूना सामुदायिक अस्पताल, वीरगंजस्थित नेशनल मेडिकल कलेज, चितवनस्थित पुरानो मेडिकल कजेज, भैरहवास्थित युनिभर्सल मेडिकल कलेज, बनेपास्थित शिरमेमोरियल अस्पताल तथा काठमाडौंमा रहेका हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल र काठमाडौं मेडिकल कलेजबाट परिचयपत्र देखाएर उपचार सुविधा लिन सक्नेछन्।

कोषमा अहिले सातै प्रदेशका ११८ अस्पताल सूचीकृत भएका छन्। सूचीकृत सम्पूर्ण अस्पतालसँग सम्झौता गरेर परिचयपत्र देखाएर योगदानकर्ताले उपचार सुविधा लिन सक्ने व्यवस्था मिलाउन लागिएको कोषका उपनिर्देशक रोहित रेग्मीले बताए।

"करीब एक दर्जन अस्पतालसँग सम्झौता भइसकेको छ, ती अस्पतालबाट योगदानकर्ताले परिचयपत्र देखाएर उपचार सुविधा लिन सक्नुहुन्छ"-उनले भने-"आगामी असार मसान्तसम्म कोषमा सूचीकृत सबै अस्पतालबाट यो सुविधा लिन सक्ने बनाउँछौं।"

योगदानकर्ताले परिचयपत्र देखाएर उपचार सुविधा लिंदा सुविधाको कुल खर्चको २० प्रतिशत बेहोर्नुपर्छ। ८० प्रतिशत रकम भने अस्पतालले कोषबाट दाबी गर्नेछ। अस्पतालले सुविधा थैलीमा तोकिएको रकम मात्र कोषबाट लिन पाउनेछन्।

परिचयपत्र देखाएर उपचार सुविधा लिन सक्ने व्यवस्था भएसँगै योगदानकर्ताले उपचार खर्चको बिल कोषमा पठाएर भुक्तानी लिनुपर्ने अवस्था अन्त्य भएको छ।

योगदानकर्ताले आफूले पहिले पैसा तिरेर उपचार गर्नुपर्ने र उपचारपश्चात् कोषमा भुक्तानी लिनुपर्ने झन्झट अन्त्य भएको सहप्रवक्ता रेग्मीले बताए।

योगदानकर्ताले कोषमा सूचीकृत अस्पतालबाट मात्र त्यस्तो सुविधा पाउने छन्। उपचार सुविधाका लागि पछिल्लो तीन महीना नियमित योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्छ। योगदानकर्ताले कोषमा सूचीकृत जुनसुकै अस्पतालबाट उपचार सुविधा लिन सक्नेछन्।

योगदानकर्ताले एक आर्थिक वर्षमा एक लाखमा नबढ्नेगरी बहिरङ्ग र अन्तरङ्ग अन्तर्गतका उपचार खर्च सुविधा प्राप्त गर्नेछन्। सोमध्ये २० प्रतिशत योगदानकर्ताले बेहोर्नुपर्छ।

# प्रतिबद्धतापत्र तयारीका लागि बुद्धिजीवी परिचालित

काठमाडौं, ७ वैशाख/रासस

नेकपा (एमाले)को जनसङ्गठन नेपाल बुद्धिजीवी परिषद्ले आसन्न स्थानीय तह निर्वाचनका लागि पालिकास्तरमा जारी हुने प्रतिबद्धतापत्र तयार गर्न बुद्धिजीवी परिचालन गरेको छ।

यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि एमालेले वैशाख ९ गते एकै दिन राष्ट्रियस्तरमा घोषणापत्र र सबै पालिकास्तरमा प्रतिबद्धतापत्र सार्वजनिक गर्दैछ। परिषद्ले राष्ट्रिय कार्यशाला आयोजना गरी प्रतिबद्धतापत्र तयार गर्ने सिलसिलामा संयोजनका लागि हरेक पालिकाका लागि दुई-दुईजनालाई प्रशिक्षक खटाएको र प्रशिक्षणप्राप्त परिषद्का सदस्यले पालिकास्तरमा सम्बन्धित कमिटीसँग समन्वय गरी काम गरिरहेको परिषद्का महासचिव गजेन्द्र थपलियाले जानकारी दिए।

बितेको चैत १३ गते सम्पन्न एमाले स्थायी कमिटीको बैठकले घोषणापत्रमा सुझाव दिन सुझाव माग्ने निर्णय गरेको थियो। चैत १६ गते पार्टी अध्यक्ष केपीशर्मा ओलीले सबै पालिकाका नेता, कार्यकर्तालाई भर्चुअल सम्बोधन गरेका थिए। घोषणापत्र मस्यौदाका लागि पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको नेतृत्वमा गठित समितिको सुझावका आधारमा घोषणापत्र तयार गरिएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४८

# बिम्स्टेकको ऊर्जा मन्त्रीस्तरीय तेस्रो बैठक : ऊर्जा व्यापार केन्द्र स्थापना गर्न सहमति

काठमाडौं, ७ वैशाख/रासस

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहकार्यका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक)को ऊर्जा मन्त्रीस्तरीय तेस्रो बैठक आज सम्पन्न भएको छ। भर्चुअल माध्यमबाट सम्पन्न बैठकले ऊर्जा व्यापार सहजीकरण गर्ने, 'ग्रीड कनेक्शन' सम्बन्धी गुरुयोजना तयार पार्ने र ऊर्जा व्यापार केन्द्र स्थापना गर्नेलगायत विषयमा सहमति गर्दै १२ बुँदे संयुक्त वक्तव्य जारी गरेको छ।

बैठक ग्रीड अन्तर्सम्बन्ध कार्यान्वयन तथा आवश्यक कार्ययोजना तयार गर्नका लागि 'बिम्स्टेक ग्रीड इन्टरकनेक्शन कोअर्डिनेशन कमिटी' स्थापना गर्न सहमत भएको वक्तव्यमा उल्लेख छ। एशियाली विकास बैंकको सहयोगमा बिम्स्टेक ग्रीड पारस्परिक जडान समन्वय समितिसम्बन्धी गुरुयोजना बनाउन पनि बैठक सहमत भएको छ। त्यसैगरी ऊर्जा व्यापारका लागि नीति एवं ट्यारिफ प्रणाली विकास गर्न पनि बैठकले स्वीकार गरेको छ। बिम्स्टेक राष्ट्रहरूबीच ऊर्जा व्यापार कसरी गर्ने भन्ने विषयमा सहकार्यको योजना बनाउन विशेषज्ञसहित समूह विकास गर्ने समझदारी भएको छ।

त्यसैगरी ऊर्जासम्बन्धी अनुसन्धानका लागि र सदस्य राष्ट्रहरूबीच अनुभव आदानप्रदान एवं सहकार्य प्रभावकारी बनाउन बिम्स्टेक ऊर्जा केन्द्र स्थापना गरिने भएको छ। त्यसका लागि गुरुयोजना र कार्ययोजना बनाउने, संरचना तयार गर्ने र सञ्चालनका लागि आवश्यक कोष तयार गर्नेछ भन्ने वक्तव्यमा उल्लेख गरिएको छ।

बैठकको अध्यक्षता गर्दै ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले बिम्स्टेक मुलुकमा पर्याप्त प्राकृतिक स्रोत उपलब्ध भएको उल्लेख गर्दै विशेष गरेर स्वच्छ र नवीकरणीय प्राकृतिक स्रोतलाई



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसाल। तस्वीरः रासस

ऊर्जाको रूपमा प्रयोग गर्न जोड दिइन्। ऊर्जा प्रवर्द्धनमा पर्याप्त आर्थिक लगानी गर्न जोड दिँदै उनले बिम्स्टेक क्षेत्रमा प्रविधि हस्तान्तरणलाई प्रवर्द्धन गर्दै जानुपर्ने बताइन्।

दिगो र उपयुक्त विकासका लागि ऊर्जा, वातारण र अर्थतन्त्र महत्त्वपूर्ण क्षेत्र भएको बताउँदै मन्त्री भुसालले भनिन्–"हामीले निरन्तर जीवाश्म इन्धन प्रयोग गरिरहेका छौं। हाम्रो वातावरणमा तनाव सिर्जना गर्ने यो प्रवृत्तिमा परिवर्तन जरूरी छ।" उनले बिम्स्टेक राष्ट्रहरूमा आर्थिक सहकार्यलाई अझ थप विस्तार गर्दै लैजान जोड दिइन्।

त्यसैगरी नेपालको तर्फबाट बैठकलाई सम्बोधन गर्दै ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव देवेन्द्र कार्कीले छिमेकी मुलुकसँग ऊर्जा सहकार्यमा प्रगति हुँदै गएको बताए। बिम्स्टेक राष्ट्रमा आपसी भरोसा, सहयोग र साझेदारीले सदस्य मुलुकहरूको विकास प्रयास अनुकूल र स्तरोन्नत गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे।

नेपालमा ऊर्जा क्षेत्रमा भएको प्रगतिबारे उनले भने–"हामीले आफ्ना जनतालाई स्वच्छ र भरपर्दो ऊर्जा प्रदान गर्ने सन्दर्भमा निकै प्रगति गरेका छौं। फलस्वरूप हाम्रो ९३ प्रतिशत जनसङ्ख्यामा बिजुलीको पहुँच छ।" उनले सन् २०३० सम्म कुल ऊर्जा मागको १५ प्रतिशत स्वच्छ ऊर्जा स्रोतबाट आपूर्ति हुने र सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जन गर्ने नीति लिएको जानकारी गराए।

# पर्सागढीमा नेकाको मोटरसाइकल र्‍याली



तस्वीरः प्रतीक



प्रस, बिरुवागुठी ७ वैशाख/

पर्सागढी नगरपालिका–३ मा नेपाली काङ्ग्रेसको उम्मेदवार छनोट भएपछि चुनावी सरगर्मी बढेको छ।

नेका वडा कार्यसमिति पर्सागढी नपा–३ का सभापति बलिरामकुमार शुक्लाको सभापतित्वमा मङ्गलवार बसेको भेलाले सुन्दरराज मैनालीको संयोजकमा २३ सदस्यीय चुनाव प्रचारप्रसार समिति गठन गरेको छ। यसैगरी छविलाल तामाङको संयोजकत्वमा ११ सदस्यीय चुनाव परिचालन समिति गठन गरिएको छ। त्यस्तै अरुणाकुमारलाल कर्णको संयोजकत्वमा वडास्तरको घोषणापत्र मस्यौदा समिति गठन गरेको छ।

बुधवार बिहान सो वडामा मोटरसाइकल र्‍याली निकाली वडा


(बाँकी पाँचौं पातामा)

# स्थानीय तह निर्वाचनमा महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न आग्रह

काठमाडौं, ७ वैशाख/रासस

राष्ट्रिय मानव अधिकार आयोगले नेपालको संविधानको समानुपातिक समावेशिताको मर्मविपरीत देखिएका ऐन, नियम सुधार गरी समावेशी र मानव अधिकारमैत्री बनाउन आग्रह गरेको छ।

आयोगले यही वैशाख ३० गते तोकिएको स्थानीय तहको निर्वाचनका क्रममा गठबन्धन गर्ने दलहरूले हरेक स्थानीय तहका प्रमुख र उपप्रमुख एवं अध्यक्ष र उपाध्यक्षमध्ये कम्तीमा एक पदमा महिलालाई उम्मेदवार बनाई स्थानीय तहमा महिलाको समानुपातिक





प्रतिनिधित्व सुनिश्चित गर्न सरकार, व्यवस्थापिका तथा सबै राजनीतिक दललाई आग्रह गरेको हो।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आज जारी गरेको प्रेस विज्ञप्तिमा सो कुरा उल्लेख छ। नेपालको संविधानको धारा ३८ को उपधारा ४ ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हकको प्रत्याभूति गरेको छ।

उक्त संवैधानिक व्यवस्था अनुरूप बन्ने कानून महिलाको समानुपातिक सहभागिताको अधिकार सुनिश्चित गर्ने सन्दर्भमा प्रभावकारी हुनुपर्ने आयोगको अनुरोध छ।

स्थानीय तहको निर्वाचनमा नेपालका केही राजनीतिक दलले गठबन्धन बनाई उम्मेदवार मनोनयन गर्ने सन्दर्भमा दलहरूबाट कतिपय स्थानीय तहमा प्रमुख र उपप्रमुख एवं अध्यक्ष र उपाध्यक्ष दुवैमा पुरुष मात्र उम्मेदवार बनाउन सक्ने सम्भावना रहेको देखिएको छ।

त्यसले संविधानको धारा ३८ (४) ले राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलाको सहभागी हुने हक प्रत्याभूत हुन नसक्ने स्थिति सिर्जना हुन सक्ने आयोगको ठहर छ।

**ठेकेदारलाई स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुन दिन आदेश**

सर्वोच्च अदालतले स्थानीय तहको ठेक्का–पट्टामा संलग्न व्यक्तिलाई स्थानीय तहको निर्वाचनमा कुनै पनि स्थानीय तहबाट उम्मेदवार हुन नपाउने व्यवस्था कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ।

न्यायाधीश नहकुल सुवेदीको एकल इजलासले सोमवार उक्त व्यवस्था अनुसार ठेक्कापट्टामा संलग्न व्यक्ति (ठेकेदार) लाई निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था कार्यान्वयन नगर्न निर्वाचन आयोगका नाममा अन्तरिम आदेश गरेको हो।

आदेशमा भनिएको छ–"कानूनले निर्धारित योग्यता पुगेको र प्रचलित कानूनमा तोकिएको अन्य अयोग्यता नभए निजले मनोनयनपत्र साथ पेश गर्नुपर्ने स्वघोषणापत्रको देहाय (ठ) बमोजिम गरिएको स्वघोषणाका आधारमा निजलाई २०७९/१/३० मा हुन गइरहेको स्थानीय तहको उम्मेदवार हुनबाट नरोक्नू।"

अदालतले स्थानीय तहको निर्वाचनमा आफ्नो ठेक्का कारोबार भएको स्थानीय तहबाहेक अन्य स्थानीय तहमा उम्मेदवार मनोनयन दर्ता गर्न दिन भनेको छ।

निर्वाचन आयोगले स्थानीय तह निर्वाचन व्यवस्थित गर्न बनाएको स्थानीय तह निर्वाचन निर्देशिका अन्तर्गतको 'स्वघोषणा गर्नुपर्ने व्यवस्था' मा स्थानीय तहको ठेक्कापट्टामा संलग्न व्यक्तिलाई यही वैशाख ३० गते हुने निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था गरेको थियो।

# जसपा पर्साको कार्यकर्ता भेला

प्रस, वीरगंज, ७ वैशाख/

जनता समाजवादी पार्टी, नेपाल पर्साको बुधवार वीरगंजमा कार्यकर्ता भेटघाट कार्यक्रम सम्पन्न भएको छ। सभागृहमा जिल्ला समन्वय समितिको आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा सांसद प्रदीप यादवले मधेसी जनताको अधिकार प्राप्ति र जिल्लाको विकासको लागि जसपालाई विजयी गराउन आग्रह गरे।

उनले कार्यकर्ताहरूलाई पार्टीका उम्मेदवारहरूलाई बढीभन्दा बढी जीत हासिल गराउन सक्रिय सहभागिता जनाउन सुझाए। वीरगंज महानगरबाट प्रमुखका दाबेदार राजेशमान सिंहले निर्वाचन केन्द्रित गतिविधिहरूलाई थप तीव्रता दिन कार्यकर्ताहरूलाई आग्रह गरे। उनले वडास्तरमा चुनाव केन्द्रित गतिविधि बढाएर जसपाप्रति जनलहर सिर्जना गर्न आग्रह गरे।

यसैबीच जसपा पर्सामा आबद्ध महिलाहरूले पार्टीलाई जिताउने सक्रियता देखाएका छन्। उनीहरूले घरदैलो





कार्यक्रम गरेर वडाहरूमा जसपालाई मतदान गर्न आग्रह गरेको सो पार्टीले जनाएको छ। वडा नं. ३, ५, १३, २१ मा घरदैलो अभियान गरिएको र यसलाई ३२ वटै वडामा फैलाउने अभियान रहेको जसपाबाट नगर प्रमुखका दाबेदार सिंहकी पत्नी अन्नपूर्णा मानन्धरले बताइन्। कार्यक्रममा जसपा महिला नेत्रीहरू पिङ्की यादव, प्रेरणा श्रेष्ठ, प्रतिभा सिंह, रेखा सिंह, नीता श्रेष्ठ, सङ्गीता दासलगायतको सहभागिता थियो।



मङ्गलवार राति आएको हावाहुरीबाट पर्सागढी नगरपालिकामा ढलेको विद्युत्को पोल। तस्वीरः नरेश यादव

# तथ्य र यथार्थपरक सूचना प्रवाह गर्न आग्रह

काठमाडौं, ७ वैशाख/रासस

सञ्चारमाध्यमहरूले स्थानीय तहसम्बन्धी समाचार अन्दाज र अनुमानका आधारमा नभई तथ्य र यथार्थपरकरूपमा प्रवाह गर्न सुझाव दिइएको छ। निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधरले सञ्चार जगत्सँग सो आग्रह गरेकी हुन्।

स्थानीय तह निर्वाचन सन्दर्भमा प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासङ्घको सहयोग र समन्वयमा निर्वाचन आयोगद्वारा आयोजित मिडिया अन्तर्क्रियामा उनले निर्वाचन आयोगको निर्वाचन गराउने संवैधानिक जिम्मेवारी पूरा गराउन सहयोगका लागि सञ्चार क्षेत्रसँग अनुरोध गरिन्।

आयुक्त तुलाधरले भनिन्–"लोकतन्त्रको आधार भनेको स्वतन्त्र निर्वाचन हो, निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी बनाउन सञ्चार क्षेत्रले गर्दै आएको सहयोग सराहनीय छ।"

निर्वाचन व्यवस्थापन सुदृढीकरणका लागि आयोगले काम गर्दै आएको उल्लेख गर्दै डा तुलाधरले निर्वाचनसम्बन्धी सही सूचना र निर्णय आम नागरिकसामु पुऱ्याएर सहयोग गर्न आग्रह गरिन्।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचन आचारसंहिता कार्यान्वयन भए/नभएको अनुगमन गर्न केन्द्रदेखि पालिकासम्म विभिन्न तहका संयन्त्र रहेको बताए। उनले भने–"सञ्चार क्षेत्रले निर्वाचान आचारसंहिता उल्लङ्घन भए/नभएकोबारे तथ्यगत सूचना निश्शुल्क सम्प्रेषण गरी आयोगको काममा सहयोग पुऱ्याएको छ।"

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले निर्वाचनको समाचार लेख्दा सञ्चारकर्मीले दल विशेषप्रतिका आस्था र आबद्धता त्याग्नुपर्ने बताए। उनले भने–"चुनावका बेला 'फेक न्युज'को कारखाना नै चल्न सक्ने खतरा छ, त्यसबाट जोगिन समाचार, समाचारको पुष्ट्याइँ गरी सत्य, तथ्य समाचार सम्प्रेषणमा ध्यान पुऱ्याउनुपर्छ।"

वरिष्ठ पत्रकार बबिता बस्नेतले राजनीतिक दलका नेताहरूबाट एक–अर्कालाई लाञ्छित गर्नेगरी आउने गरेका अभिव्यक्तिले नेताको उत्तरदायित्वमाथि प्रश्न खडा गरेको बताइन्। उनले भनिन्–"निर्वाचनका बेला 'मिस–इन्फर्मेशन' र 'डिस–इन्फर्मेशन'को चुनौती छ, प्रभावकारी अनुगमनका लागि निर्वाचन अनुगमन संयन्त्र प्रभावकारी हुन आवश्यक छ।"

# युद्ध मैदानकी चेली

-नारायण ढुङ्गाना
काठमाडौं, ७ वैशाख/रासस

युद्धको मैदानामा हुन्छन् एक दिदीभाइ। दिदी विद्रोही लडाकू र भाइ सेनाका सिपाही। यतिकैमा आइलाग्छ विपत्। युद्ध मैदानमैं भाइको गोलीबाट भिनाजुको मृत्यु हुन पुग्छ अकस्मात्।

गोली ताक्दै जब भाइ नजीक पुग्छन्, आफ्नै दिदीलाई देख्छन् र झस्कन्छन्। कस्तो दुर्भाग्य ! गोली हान्ने आफ्नै भाइ अनि मृत्युवरण गर्ने प्रेमी। दिदीले सहन सक्ने कुरै भएन। दिदीभाइको बोलचाल बन्द हुन्छ तर सम्बन्ध विस्तारको प्रयास भाइले राखि नै रहन्छ। तर उनका अनेकन प्रयास सफल हुँदैन।

शान्ति सेनामा जाने तयारीसम्मै खुशी हुँदैन सिपाहीको मन। मनभरि अशान्ति बोकेर शान्ति खोज्न जानु पो कहाँ ? भाइलाई छटपटी हुन्छ।

लगत्तै आएको भाइटीकामा दिदीको घर पुग्छन् भाइ तर दिदीले भाइटीका लगाइदिन्नन्। “अचानक भएको मुठभेडमा कर्तव्य निर्वाह मात्र गरेको थिएँ, सक्छेउ भने माफ देऊ”–त्यस दिनको घटना परिबन्दमा परेर भएको कुरा भाइले सुनाउँछन् र घरबाट निस्किन्छन्। “भाइ !” अली पर पुगेपछि भाइको कानमा दिदीको आवाज गुञ्जिन्छ। भाइ फनक्क फर्कन्छन्, यत्तिकैमा कथा सकिन्छ।

त्यसपछि के होला ? यही कौतूहल जगाएर सकिने लघु चलचित्र ‘सेनाको चेली’ द्वन्द्वको परिघटनालाई स्मरणमा ल्याइदिने एउटा प्रतिविम्ब हो। जसले नेपालको दश वर्षे सशस्त्र द्वन्द्व र त्यसले उत्पन्न गरेका सामाजिक घाउहरूलाई पुनः एकपटक सम्झाइदिन्छ।

चलचित्रका शब्द र दृश्यमा जताततै भावना झल्किन्छ। सामाजिक बाध्यता, देशको परिवेशसँगै मानिसका सम्बन्ध र शान्तिका सन्देश छरपस्ट पाइन्छन् सेनाकी चेलीमा। यही कथावस्तु बोकेर लघु चलचित्र प्रतियोगितामा प्रवेश गरेको सेनाकी चेलीले मूल्याङ्कन समितिको ध्यान आकर्षित गर्न सक्यो। जसले यसपालि उत्कृष्ट लघु चलचित्र घोषित हुँदै नेपाली सेनाबाट रु दुई लाख पुरस्कार लिन सफल भयो।

शान्तिका लागि दौडिरहेको एक




कर्तव्यनिष्ट सैनिक जवानको मनभित्रको अशान्तिलाई उधिन्ने लघु चलचित्र सेनाको चेलीमा जनयुद्धको कालखण्ड छुँदै अघि बढेको मर्मस्पर्शी कथावस्तु छ। कलाकार इँगिहोपो कोइँचले उक्त चलचित्रको लेखन, निर्देशन तथा निर्माण गरेका हुन्।

चलचित्रमा सेना र विद्रोहीको अवस्थासमेत झल्काइएको छ। उनले आफ्ना हजुरबुबा ब्रिटिश लाहुने, दाइहरू आर्मी भएकाले पनि सेनाको भावनामा चल्ने चित्रमा खेल्न मन लागेको सुनाए। गत वर्ष उत्कृष्ट भएको चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका कोइँचले यसपालि लघु चलचित्र निर्माण गरेरै सफलता प्राप्त गरे।

सेनाका जवान घरबाट टाढा हुनुपरेको आफ्नै कथा हुन्छ होला भन्ने कल्पना उनमा जाग्यो। त्यसभित्र आफ्ना परिवार इष्टमित्रसँगको सम्बन्ध कति बिछोडिन पुग्छ। अझ दिदीभाइको सम्बन्धमा आघात पुग्दा के होला, यस्तै यस्तै कुरा मनभित्र छचल्किंदै जाँदा उक्त चलचित्रको कथा तयार भएको उनले सुनाए। मुख्यतः दिदीभाइका भावनालाई उनले उनेका छन्।

मुलुकको कर्तव्यनिष्ट व्यक्तिले कर्तव्य पालनाका सिलसिलामा केसम्म गर्नुपर्ने हुन्छ भन्ने सन्देश यो सानो चलचित्रले दिन खोजेको छ।

भाइले ल्याएको उपहारसमेत नलिने गरी दिदीभाइको सम्बन्धमा आएको दरार र सम्बन्ध विस्तारमा भाइले गरेको प्रयास मन छुने खालको छ। चलचित्रका केही दृश्य दर्शकको आँसु खसाउने खालका छन्।

“विगतको जनयुद्ध एउटा घटना हो, तर जुनसुकै बेला मानिस आफैंमा अशान्त हुन्छ नि, त्यो कुरालाई शान्ति सेनाका माध्यमबाट शान्त बनाउने प्रयास गरेको छु”–चलचित्रको कथाबारे कोइँचले रासससँग भने।

कथामा सशस्त्र द्वन्द्व सकिन्छ, त्यसपछि विद्रोही योद्धामा के समस्या आउला, उसले पाउने दुःख के होला, दुःख समस्या मात्रै होइन त्यसले सुख पनि दिन सक्छ भनेर परिवर्तनको सन्देश समेत मिसिएको छ। विगतको सशस्त्र द्वन्द्वमा बाहिर नआए पनि यस्ता घटना नभएका होइनन्। अन्ततः द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्ने खालको चलचित्र बनेको छ।

“मैले तीन घण्टाबीचमा सोचेको कथा हो”–उनले भने–“हरेक काम यति हतारमा भएको छ कि सम्झनै सकिन्न।” उनका अनुसार १५ दिन भित्र ‘स्क्रिप्ट’ तयार पारिएको हो। ‘टप टेन’मा छनोट भएपछि कलाकार टिम खोजेर उनले चार दिनमा छायाङ्कन सकेको सुनाए।

शान्ति सेनामा जाने तयारीका एक सिपाहीका माध्यमबाट घर शान्ति ठूलो कुरा हो भन्ने सन्देश छरेका छन्। अरू देशमा शान्तिका लागि हिंड्न लागेको सेनाको जवानभित्र अशान्तिको भुङ्गो छ, त्यसले मुटुमा हानिरहेको हुन्छ। खासमा त्यो परिबन्द र एक अर्काबीच बुझाइमा आएको कमीले हो भन्ने कुरा कथाको अन्तिमतिरको दृश्यले बुझाउँछ।

उनका अनुसार हरेक परिवारमा सम्बन्ध बिग्रिन्छ भने एकपटक कुरा गरेर कारण बुझाउन सक्नुपर्छ, एकपटक मात्रै संवाद भयो भने समस्या हल हुन्छ, तर समाजमा मानिस अरूको कुरा सुन्ने प्रवृत्ति र कुरा नबुझी व्यवहार गर्ने प्रवृत्ति जकडिएको छ, त्यसलाई चिर्न सक्नुपर्छ भनेर देखाउन खोजिएको छ।

छोटो प्रयासमा बनेको लघु चलचित्र उत्कृष्ट भएर रु दुई लाख पुरस्कार पाउँदा उनको खुशीको सीमा छैन। चलचित्रको मुख्य भूमिका (दिदीको भूमिकामा कलाकार सङ्गीता थापा मगर र भाइको भूमिकामा किरण चाम्लिङ राई)ले जीवन्त अभिनय गरेका छन्।

# सत्ता गठबन्धनले टुङ्गो लगायो महानगर र उपमहानगरमा सिट बाँडफाँड

काठमाडौं, ७ वैशाख/रासस

पाँच दलीय गठबन्धनले यही वैशाख ३० गते हुने स्थानीय निर्वाचनमा महानगरपालिका र उपमहानगरपालिकाका प्रमुख र उपप्रमुख पदमा उम्मेदवारको सिट बाँडफाँड टुङ्ग्याएका छन्।

प्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाको अध्यक्षतामा आज बसेको गठबन्धनका शीर्षनेताको बैठकले सो सहमति गरेको प्रधानमन्त्री सचिवालयले जनाएको छ। गठबन्धन दलबीच काङ्ग्रेसले काठमाडौं, ललितपुर र विराटनगर महानगरपालिकामा प्रमुखमा तथा वीरगंज, भरतपुर र पोखराको उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको छ।

यसैगरी काङ्ग्रेसले धरान, इटहरी, कलैया, बुटवल, तुलसीपुर, नेपालगंज र



धनगढी उपमहानगरपालिकाको प्रमुखमा तथा जितपुर-सिमरा, घोराही र हेटौंडा उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने बैठकको सहमति छ।

नेकपा (माओवादी केन्द्र)का तर्फबाट भरतपुर महानगरपालिकाको प्रमुखमा र ललितपुर महानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको छ।

यस्तै माओवादी केन्द्रले जितपुर–सिमरा र घोराही उपमहानगरपालिकाको प्रमुख तथा धरान र धनगढी उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिनेछ। गठबन्धनको अर्को घटक नेकपा (एकीकृत समाजवादी)ले पोखरा महानगरपालिकाको प्रमुख तथा काठमाडौं महानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिनेछ।

एकीकृत समाजवादीले हेटौंडा उपमहानगरपालिकाको प्रमुख तथा इटहरी, बुटवल र तुलसीपुर उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको छ।

यस्तै जनता समाजवादी पार्टी नेपालले वीरगंज महानगरपालिकाको प्रमुख र विराटनगर महानगरपालिकाको उपप्रमुख तथा जनकपुर उपमहानगरपालिकाको प्रमुख तथा कलैया र नेपालगंज उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको छ।

पाँच दलीय गठबन्धनले यस अघि जारी गरेको मापदण्ड, सहमतिको मर्म र भावना अनुरूप सम्बन्धित समितिहरूको बैठक बसी अविलम्ब सिट बाँडफाँड तथा उम्मेदवारहरूको चयन

(बाँकी पाँचौं पातामा)

# ढुङ्गा–गिट्टी निकासी गर्ने कार्य रोक्न परमादेश

काठमाडौं, ७ वैशाख/रासस

सर्वोच्च अदालतको संवैधानिक इजलासले प्राकृतिक स्रोत दहन गरी ढुङ्गा–गिट्टी निकासी गर्ने कार्य रोक लगाउन सरकारका नाममा परमादेश गरेको छ।

कायममुकाय प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, डा आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमान सिंह राउतको संवैधानिक इजलासले आज उक्त परमादेश गरेको हो।

परमादेशमा भनिएको छ, ‘प्राकृतिक स्रोतको दोहन गरी गिट्टी, ढुङ्गा, बालुवा आदि निकासी गर्ने कार्य सम्बन्धमा संविधानको भावना र मर्म अनुकूल हुने गरी विधायिकाद्वारा निर्मित कानुनले अन्यथा व्यवस्था नगरेसम्म सो अनुसारको निकासी गर्ने गराउने कार्य नगर्नू/नगराउनू।’ अदालतको आदेशसँगै सरकारले कानुन बनाएर मात्र ढुङ्गा–गिट्टी निकास गर्न पाउनेछ।

अदालतले वातावरण संरक्षणको प्रभावकारी व्यवस्था मिलाउन र प्राकृतिक स्रोत साधनको प्रयोगका लागि नीतिगत पुनरावलोकन गर्नु तथा वातावरण संरक्षणको सन्दर्भमा प्रभावकारी संयन्त्र निर्माण गर्नसमेत भनेको छ। शैलेन्द्रप्रसाद अम्बेडकरसहितले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई रिट निवेदन दायर गरेका थिए। सोही निवेदनमा उक्त परमादेश भएको छ।

तस्वीरः फाइल




## फरक समाचार

# गर्मीमा हट फ्लैश

शरीरमा केही खास हार्मोन्सले सही ढङ्गले काम नगरेपछि शरीरलाई समस्या हुन्छ। यो समस्या महिला–पुरुष दुवैमा हुन्छ। ५० वर्षको उमेरपछि यो समस्या बढी देखिन्छ। तर आजभोलिका दिनचर्याको कारण यस्तो समस्या युवाहरूमा पनि देखिंदै छ। हट फ्लैश यस्तो समस्या हो जसले शरीरमा अचानक गर्मी महसूस हुन्छ, मन आत्तिन थाल्छ, ढुकढुकी बढ्छ। यसको कारण सही तरीकाले अक्सिजन नपाउनु, खानपानमा गडबडी पनि हो।




महिला–पुरुषमा हट फ्लैशको लक्षण समान हुन्छ, अर्थात् शरीरमा गर्मी महसूस हुनु, बेचैनी, ढुकढुकी बढ्नु र कहिलेकाहीं सास फेर्न समस्या हुन्छ। छालामा रूखोपन, शरीरको माथिल्लो भागमा बढी पसिना आउनु, औंला झमझमाउनुजस्ता लक्षण देखिन्छ।

**हट फ्लैशको मुख्य कारणः** चिया/कफी बढी सेवन गर्नु, लामो समयसम्म तनाव, धेरै साँघुरो लुगा लगाउनु, धूमपान, मदिरापानको लत, एन्टिबायोटिक पेनकिलर्सको बढी सेवन, मसालादार भोजन, राम्रो निद्रा नसुत्नु।

**बचाउको उपायः** दिनमा आधा घण्टा आफन्तसँग बिताउनुपर्छ। धूमपान, मदिरापान कम गर्नुपर्छ। शरीरले आराम मागिरहेको छ भने आराम गर्नुपर्छ। यस क्रममा ध्यान लगाउने, मनलाई शान्त गर्ने, पूजापाठ वा जप इत्यादि गर्न सकिन्छ। भोजनमा पोषणको ध्यान राख्नुपर्छ। भिटामिन्स, आयरन, फोलिक एसिड, क्याल्शियम इत्यादिको सन्तुलन बनाइराख्नुपर्छ। हरेक दिन ४५ मिनेट हिंडडुल गर्नुपर्छ।

# रिफ्ट भ्याली फिभर के हो ?

संसारमा कोरोना भाइरसको चौथो लहर फैलिंदैछ। यस भाइरसको खतरा अहिलेसम्म टलेको छैन। यसैबीच वैज्ञानिकहरूले रिफ्ट भ्याली फिभर खोजेका छन्। रिफ्ट भ्याली फिभर जनावरमा फैलिने रोग हो तर यसको केही मामिला मान्छेमा पनि भेटिएको छ। विश्व स्वास्थ्य सङ्गठनले यो ज्वरो महामारीको रूपमा फैलिन सक्ने भन्दै चेतावनी दिएको छ।



**के हो रिफ्ट भ्याली फिभरः** यो एउटा भाइरल रोग हो। सामान्यतया यो रोग पालुवा जनावरमा पाइन्छ। यो भाइरस भैंसी, बाख्रा, उँटबाट मान्छेमा फैलिन सक्छ। यो भाइरस पालुवा जनावरमा लामखुट्टेबाट फैलिन्छ र त्यसपछि मान्छेमा सर्छ। वैज्ञानिकहरूले मान्छेमा पनि यो ज्वरोको प्रकोप भेटेका छन्।

**लक्षणः** रिफ्ट भ्याली फिभर भाइरसको सम्पर्कमा आएको दुईदेखि ६ दिनभित्र यसको लक्षण देखिन्छ। यो एउटा विषाणुजनित रोग हो, जसले हलुकादेखि गम्भीर लक्षणसम्म उत्पन्न गर्न सक्छ। रिफ्ट भ्याली फिभर भाइरस भएपछि ज्वरो, मांसपेशीमा दुखाइ, कमजोरी, पिठ्युँ दुखाइ र चक्कर लाग्छ। यी लक्षण करीब एक सातासम्म रहन्छ। रिफ्ट भ्याली फिभरबाट पीडित व्यक्ति दुई दिनदेखि ७ दिनभित्र ठीक हुन सक्छ। यसका साथै केही व्यक्तिमा यसले गम्भीर लक्षण देखाउन सक्छ। कम देखिनु, एन्सेफलाइटिस वा मस्तिष्क सुन्निनु, रक्तस्राव, ज्वरो (यस क्रममा रोगीलाई रगत बान्ता हुने, मलबाट रगत निस्किने तथा नाकबाट पनि रगत निस्किन सक्छ)।

**कारणः** रिफ्ट भ्याली फिभर भाइरस आरभिएफ विषाणुबाट हुन्छ, जुन फ्लेबोभाइरस प्रकारको हुन्छ। यो भाइरस पालुवा जनावरमा हुन्छ तर उनीहरूबाटै यो मान्छेमा पनि फैलिन सक्छ। यो भाइरस सङ्क्रमित पशु वा जनावरको रगत छुँदा, पशुको काँचो दूध पिउँदा फैलिन सक्छ। तर यो भाइरस एक व्यक्तिबाट अर्कोमा फैलिन्छ कि फैलन्न भन्नेबारे अनुसन्धान जारी छ।

# गर्मीमा काँक्रोको जुस

एउटा रिपोर्ट अनुसार जसको रोग प्रतिरोधक क्षमता कमजोर छ, पटक–पटक बिसन्चो हुन्छ भने उनीहरूले काँक्रोको जुस सेवन गर्नुपर्छ। यो जुस स्वस्थ र पौष्टिक तत्त्वले भरिपूर्ण हुन्छ। भिटामिन सी भरपूर भएको कारण यसले इम्युनिटी बढाउँछ। एन्टिअक्सिडेन्ट र पानीको मात्रा बढी भएकोले यसले शरीरबाट विषालु तत्त्व बाहिर निकाल्छ।



काँक्रोको जुस लो–क्यालोरी जुस हो। यसमा एन्टिअक्सिडेन्ट्स एक प्रकारको प्राकृतिक मेटाबोलिज्म बुस्ट गर्ने तत्त्व पाइन्छ जसले क्यालोरी जलाउन मदत गर्छ। प्रतिदिन यसको सेवनबाट वजन कम हुन्छ।

काँक्रोको जुसमा म्याग्निशियम बढी हुन्छ जसले रक्तचापलाई बढी वा कम हुनबाट रोक्छ। तनाव कम गर्छ, राम्रो निद्रा लगाउँछ। केही अध्ययनमा काँक्रोको बीउले नराम्रो कोलेस्ट्रोलको स्तर कम गर्छ। काँक्रो भिटामिन के र सिलिकाको राम्रो स्रोत हो, यसले स्वस्थ, चम्किलो छाला प्रदान गर्छ। सुन्निएको कम गर्छ।

हामीले प्रायः ब्युटीपार्लर वा स्पामा काँक्रोको टुक्रा आँखामा लगाएको देख्छौं, यसले आँखालाई शीतलता प्रदान गर्छ, सुन्निएको कम गर्छ। भिटामिन ए पाइने भएकोले रेटिनामा अक्सिडेटिभ तनाव कम गर्छ। आँखाको ज्योति बढाउँछ र उमेर वृद्धिको साथ हुने समस्या मैकुलर डिजनरेशनको रोकथाममा मदत गर्छ। पाचनसम्बन्धी समस्या, ग्याँस, अपच, ब्लोटिङ, पेट सुन्निएको, छातीमा जलन छ भने काँक्रोको जुस सेवन गर्दा शरीरमा भएका विषाक्त पदार्थ बाहिर निकालेर पाचन प्रक्रिया सही गर्छ, कब्ज भगाउँछ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## श्रीलङ्कामा कर्फ्यु आदेश जारी

कोलम्बो, ७ वैशाख/एएफपी

श्रीलङ्काको मध्य भागमा पर्ने रामबुक्कानामा बुधवार कर्फ्यु लगाइएको छ। सरकार विरोधी आन्दोलनका क्रममा मङ्गलवार एकजना व्यक्तिको मृत्यु भएपछि भोलिपल्ट कर्फ्यु लगाइएको हो। आन्दोलन थप चर्किने देखिएकोले सरकारले शान्ति सुरक्षा कायम गर्न भन्दै कर्फ्यु लगाउनुपरेको जनाएको छ। घटनाको निष्पक्ष छानबीन गरी सत्य–तथ्य पत्ता लगाई दोषीलाई कारबाई गरिने सरकारी अधिकारीहरूले प्रतिबद्धता जनाएका छन्।



रम्बुक्कानामा एउटा रेललाइन अवरुद्ध गर्दै आन्दोलनकारी। फोटो : एएफपी

आर्थिक सङ्कटका कारण मुलुकमा अभाव र मूल्य वृद्धि भएकोले त्यसको न्यूनीकरणका लागि आम जनता आन्दोलन गर्दैछ। आन्दोलनकारीहरूले समस्या समाधानका लागि राष्ट्रपति गोटावाय राजापाक्षले पदबाट राजीनामा दिनुपर्ने माग राखेका छन्।

मुलुकमा आर्थिक सङ्कट उत्पन्न हुनु, महँगी बढ्नु र वस्तु तथा सेवा अभाव हुनुमा राष्ट्रपति नै दोषी रहेको उनीहरूको दाबी छ। आर्थिक अभावका कारण कतिपय अत्यावश्यक सेवा तथा वस्तुसमेत अभाव हुन थालेको स्थानीय बासिन्दाले बताएका छन्।

सरकारी अधिकारीहरूले नै कतिपय औषधी, अत्यावश्यक अन्य विभिन्न सामानहरूको अभाव भएको जनाएका छन् भने दैनिक लामो समय विद्युत् कटौतीसमेत भएको छ। आर्थिक सङ्कटका कारण आन्दोलन शुरू भएपछि राजनीतिक सङ्कटसमेत उत्पन्न भएको छ। राजधानी काठमाडौंदेखि ९५ किलोमिटर टाढा पर्ने रामबुक्कानामा भएको आन्दोलनकारी र सरकारी सुरक्षाकर्मीहरूबीचको झडपका क्रममा २९ जना घाइते भएका छन्। रासस

## मलेशियामा कोभिड सङ्क्रमण, ६ हजारभन्दा बढी सङ्क्रमित, १२ को मृत्यु

क्वालालम्पुर, ७ वैशाख/सिन्हवा

मलेशियामा पछिल्लो समयमा कोभिड १९ को सङ्क्रमण बढेको पाइएको छ। यहाँ गएको २४ घण्टा यता मात्र कम्तीमा १२ जनाको ज्यान गएको छ। यहाँका अधिकारीहरूले पछिल्लो समय दैनिकजसो कोभिडबाट मृत्यु हुने गरेको पनि बताएका छन्। उनीहरूका अनुसार गएको २४ घण्टा यतामात्र ६ हजार ६९ जना सङ्क्रमित भएको पाइएको छ।


क्वालालम्पुरमा रमदान महीनाको व्रत तोड्दै (अफ्तारी) को खाजा खाँदै दातार न मेर्डेका मस्जिदमा श्रद्धालुहरू। फोटो : एजेन्सी

यहाँ अहिलेसम्म ४४ लाखभन्दा बढी सङ्क्रमित भएका छन् भने ३५ हजार जनाभन्दा बढीको कोभिडका कारण ज्यान गएको छ। यहाँ कोभिड सङ्क्रमण बढ्न थालेपछि स्वास्थ्य अधिकारीहरूले जनस्वास्थ्यका मापदण्ड पालना गर्न कडाइ गरेका बताइएको छ।

**भारतमा कोरोना भाइरसबाट २४ घण्टामा दुई हजार सङ्क्रमित**

नयाँ दिल्ली/एएनआई

भारतमा कोरोना भाइरसबाट पछिल्लो एक दिनमा थप दुई हजारजना सङ्क्रमित भएका छन्। सरकारी अधिकारीहरूले बुधवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा दुई हजार ६७ जना सङ्क्रमित भएका हुन्।

सङ्घीय स्वास्थ्य मन्त्रालयले अघिल्लो दिनभन्दा ८२० जना बढी सङ्क्रमित देखिएको जनाएको छ। मङ्गलवार सार्वजनिक गरिएको विवरणमा एक हजार २४७ जना कोरोना भाइरसबाट सङ्क्रमित भएको उल्लेख थियो। भारतमा अहिले १२ हजार ३४० जना कोरोना भाइरसका सक्रिय सङ्क्रमित रहेका अधिकारीहरूले जनाएका छन्। पछिल्लो २४ घण्टामा एक हजार ५४७ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ। महामारी शुरू भएदेखि अहिलेसम्म कुल चार करोड २५ लाख १३ हजार २४८ जना सङ्क्रमणमुक्त भएका छन्। त्यसैगरी कोरोनाका कारण अहिलेसम्म भारतमा पाँच लाख २२ हजार छजनाको मृत्यु भएको छ। तीमध्ये ४० जनाको पछिल्लो एक दिनमा मृत्यु भएको हो। रासस

## युक्रेनमा आक्रमण रोक्न संयुक्त राष्ट्रसङ्घका महासचिवको आग्रह


सञ्चारकर्मीलाई सम्बोधन गर्दै महासचिव एन्टिनिओ गुटर्रेस। फोटो : सिन्हवा

संयुक्त राष्ट्रसङ्घ, ७ वैशाख/सिन्हवा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले युक्रेनमा क्रिश्चियन बिदाको समय, इस्टरका समयमा कम्तीमा चार दिन आक्रमण रोक्न आग्रह गरेका छन्। उनले क्रिश्चियनको बिदाका समयमा आक्रमण नगर्न आग्रह गर्दै सो समयमा मानवीय सहायता वितरणका लागि वातावरण मिलाउन दिन आग्रह गरेका हुन्।

यही बिहीवारदेखि इस्टर शुरू हुने र आइतवारसम्म रहने भएकोले सो समयमा आक्रमण नगर्न र सबैलाई मानवीय सहायताका लागि बाटो बनाउन संयुक्त राष्ट्रसङ्घका महासचिव गुटर्रेसले आग्रह गरेका हुन्। युक्रेनमा रूसले आक्रमण गरेको दुई महीना पुग्न लागे पनि अहिले पनि कतिपय स्थानमा रूसको हमला जारी रहेको पाइएको छ।

त्यसैले यस पर्वका अवसरमा युद्धविराम गरी अप्ठेरोमा परेका नागरिकका लागि सहायता वितरण काममा लाग्न वातावरण निर्माण गर्न उनले आग्रह गरेका हुन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यभय | वृष – वादविवाद |
| मिथुन – व्यापारवृद्धि | कर्कट – कडाश्रम |
| सिंह – कार्यनाश | कन्या – उदरपीडा |
| तुला – मित्रमिलन | वृश्चिक – धनखति |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

स्वच्छ परिवार,
सुखको आधार।

वीरगंज महानगरपालिका

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## पोखरियामा नेपाल सुशासन पार्टीको चुनावीसभा

प्रस, पोखरिया, ७ वैशाख/

नेपाल सुशासन पार्टीका अध्यक्ष पूर्व प्रहरी रमेश खरेलले नेपाल सुशासन पार्टीले भ्रष्टाचारी, अपराधीहरूको जालो तोड्ने दाबी गरेका छन्।





तस्वीरः प्रतीक

पोखरियामा आयोजित चुनावीसभामा बोल्दै अध्यक्ष खरेलले देश खतरामा भएको र जनताको प्रगतिभन्दा नेताको प्रगति भइरहेको आरोप लगाउँदै नेताहरूले जनतालाई लुटेको आरोप लगाएका थिए। उनले नेपाल सुशासन पार्टीले भावी सन्ततिको रक्षा गर्ने भन्दै मत दिन आग्रह गरे। उनले भ्रष्टाचार उन्मूलनको लागि नेपाल सुशासन पार्टीलाई मतदान गर्न पोखरियावासीसँग आग्रह गरे। उपाध्यक्ष राजकुमार यादवले पाँच दलीय गठबन्धनको एकलौटी शासन गर्ने अभीष्ट रहेको आरोप लगाए। उनले पाँच दलीय गठबन्धनसँग एक्लै चुनाव लड्ने सामर्थ्य नभएकोले गठबन्धन गरेको आरोप लगाए।

शरीफ मियाँको अध्यक्षतामा भएको चुनावीसभामा पोखरिया नगरपालिकाबाट नगरप्रमुखका दावेदार शङ्कर यादव, उपमेयरको दाबेदार बिना बैठा, वडाध्यक्षका दाबेदारहरू नवसाद आलम, कौशलकिशोर साह, रामबाबू साह, माधवप्रसाद यादव, केन्द्रीय सदस्य प्रदीप चौधरी, पर्सा अध्यक्ष मधुसूदन चौरसियालगायतले मन्तव्य व्यक्त गरेका थिए।

## हावाहुरीले मकैबालीलाई क्षति

प्रस, पर्सागढी, ७ वैशाख/

मङ्गलवार राति आएको हावाहुरी र पानीले पर्सागढीका मकै किसानहरूलाई क्षति पुऱ्याएको छ। स्थानीय किसान जयकिशोर चौरसियाले पानी मात्र परेको भए मकैमा कम क्षति हुन्थ्यो तर हावाहुरीसमेत आएर ठूलो क्षति भएको बताए।

उनले मकै बालीमा दूध घोघा लागिसकेको र बोटहरू भाँचिएर क्षति भएको बताए। पहिलो चरणमैं हावाहुरीबाट यत्रो क्षति भएपछि किसानहरू चिन्तित भएका छन्।

यस वर्ष चैतमा हावाहुरी नआए पनि वैशाखमा पहिलोपटक ठूलो क्षति भएकोले अब हुने सम्भावित हावाहुरीबाट थप क्षति हुने भन्दै किसानहरू चिन्तित भएका छन्।

किसान चौरसियाले महँगोमा युरिया, डिएपी मल खरीद गरेर मकै रोपेको तर क्षति भएपछि लगानी पनि उठ्ने हो कि होइन भनेर चिन्ता भएको बताए। उनले जेठको अन्तिममा मकै भित्र्याउने तयारी भइरहेकोमा वैशाखमा क्षति भएको र किसानहरू चिन्तित भएको बताए। मङ्गलवार राति आएको हावाहुरी, पानीले पर्सागढीमा विद्युत् सेवा पनि अवरुद्ध भएको छ।


हावाहुरीले पर्सागढीमा ढलेको मकैबाली। तस्वीरः प्रतीक

हावाहुरीले विद्युत् पोल ढालेको कारण सेवा अवरुद्ध भएको हो।

## सरावगीले सवारी साधन बुझाए



तस्वीरः सौजन्य

प्रस, वीरगंज, ७ वैशाख/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले महानगरपालिकाबाट लिएको सुविधाबापतको सवारी साधन फिर्ता गरेका छन्।

उनले बुधवार प्रमुख प्रशासकीय अधिकृत निश्चलराज पाण्डेलाई महानगरबाट आफ्नो सुविधाको चार चक्के गाडी फिर्ता गरेका हुन्। नगरप्रमुखमा निर्वाचित भएपछि उनले १ करोड ४४ लाख मूल्य पर्ने गाडी खरीद गरेका थिए र अहिले उनको समयावधि समाप्त हुन लागेपछि फिर्ता गरेका हुन्।

### सत्ता गठबन्धनले टुङ्गो लगायो....

गर्न निर्देश गरेको छ।

साथै सहमति बन्न नसकेको अवस्थामा पाँच दलीय गठबन्धनभित्रै मित्रवत् प्रतिस्पर्धा गर्न सकिनेसमेत समझदारी भएको छ। सो सहमतिमा प्रधानमन्त्री एवं काङ्ग्रेस सभापति देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनपाका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले हस्ताक्षर गरेका छन्।

### पर्सागढीमा नेकाको.....

परिक्रमा गर्दै बडनिहार बजारमा कोणसभा गरिएको थियो। कोणसभामा वडा सभापति शुक्ला, वडाध्यक्षका उम्मेदवार सुकमान तामाङ, चीन तामाङलगायतले मन्तव्य व्यक्त गरेका थिए। वडा नं. ३ मा नेकाले वडाध्यक्षमा सुकमान तामाङ, पुरुष सदस्यमा रामअयोध्याप्रसाद यादव, खार्सिङ्ग लामा, महिला सदस्यमा करिश्मा चौधरी र ठगनीदेवी माझीलाई चयन गरेको छ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# टाइफाइडविरुद्ध खोप जारी, २ लाख ४५ हजार खोप आइपुग्यो

नितेश कर्ण, वीरगंज, ७ वैशाख/

पर्सा जिल्लामा टाइफाइडविरुद्ध २ लाख ४५ हजार ९४३ जनालाई खोप लगाउने लक्ष्य रहेको र अहिले २ लाख ११ हजार २४० खोप प्राप्त भएको स्वास्थ्य कार्यालय, पर्साका प्रमुख नवलकिशोर साहले बताए ।

उनले पर्सा जिल्लाको चौधवटै पालिकाका स्वास्थ्य चौकी, संस्थागत तथा सामुदायिक विद्यालयहरू गरी ६२५ वटा खोप केन्द्रमा खोप दिने कार्य जारी रहेको बताए । उनले खोपका लागि १२४५ जना खोपकर्ता र २४४७ जना स्वयंसेवक परिचालन भएको जानकारी गराएका छन् ।



बालबालिकालाई खोप लगाउँदै स्वास्थ्यकर्मी । तस्वीरः प्रतीक

# पर्सामा १७ वर्षका ९८ प्रतिशतले कोरोनाविरुद्ध खोप लिए

प्रस, वीरगंज, ७ वैशाख/

स्वास्थ्य कार्यालय, पर्साले १२ देखि १७ वर्षका ९८ प्रतिशतले पहिलो मात्राको खोप लिएको र सोही समूहले दोस्रो मात्राको खोप ७७ प्रतिशत लिइसकेको जनाएको छ ।

स्वास्थ्य कार्यालय, पर्साका प्रमुख नवलकिशोर साहले १८ वर्षमाथिका ६२ प्रतिशतले पहिलो मात्रा र ६० प्रतिशतले दोस्रो मात्रा खोप लिइसकेको जानकारी गराएका छन् ।

उनले कोभिशिल्ड पहिलो मात्राको खोप ४६ हजार १११ जना, दोस्रो मात्राको खोप ५३ हजार १३० जना, भेरोसिल पहिलो मात्रा २ लाख ११ हजार २४१ जना, दोस्रो मात्रा १ लाख ६३ हजार १७३ जना, जोन्सन ५२ हजार ९६३ जना, अस्ट्रोजेनेका पहिलो मात्राको खोप ३५ हजार ९ सय ३१ जना, दोस्रो मात्राको खोप १३ हजार ५८१ जना, पिफाइजर पहिलो मात्राको खोप ४ हजार १२७ जना र दोस्रो मात्राको खोप २ हजार ५६० जना तथा मोडर्नाको पहिलो खोप ८० हजार ७३५ जना, दोस्रो मात्राको खोप ६३ हजार ५९ जनाले लिइसकेको बताए ।

उनले पहिलो मात्राको खोप २ लाख ९७ हजार ४१० जना र दोस्रो मात्राको खोप २ लाख ८५ हजार ४०५ जनाले गरी कुल ५ लाख ८२ हजार ८१५ जनाले खोप लिइसकेको जानकारी गराएका छन् ।



तस्वीरः प्रतीक/फाइल

# नेकाले ठोरीमा उम्मेदवार टुङ्गो लगायो

प्रस, ठोरी, ७ वैशाख/

स्थानीय तह निर्वाचनका लागि नेपाली काङ्ग्रेस ठोरीले अध्यक्ष पदको उम्मेदवारको टुङ्गो लगाएको छ । बुधवार ठोरी –४, निर्मलबस्तीमा सम्पन्न नेपाली काङ्ग्रेस ठोरी गाउँपालिका समितिको बैठकले काङ्ग्रेसबाट ठोरी गापा अध्यक्ष पदमा पार्टीका मधेस प्रदेश महामन्त्रीसमेत रहेका वृहस्पतिकृष्ण श्रेष्ठलाई उम्मेदवार बनाउने सिफारिश गरेको सभापति सन्तोष श्रेष्ठले बताए ।

उपाध्यक्षमा चिनीमाया लामा, गोमा उपाध्याय र कमलामाया श्रेष्ठको नाम सिफारिश गरेको सभापति श्रेष्ठले बताए ।

वडामा युवा उम्मेदवारको टुङ्गो लगाएर चुनावी प्रतिस्पर्धामा होमिएको ठोरी काङ्ग्रेसले वडा १ मा नवराज फुँयाल, ३ मा पन्नालाल बिष्ट, ४ मा हीरा श्रेष्ठ र ५ मा विमल खड्कालाई वडाध्यक्ष पदमा उठाउने निर्णय यस अघि नै गरिसकेको छ ।



बैठकमा छलफल गर्दै सहभागीहरू । तस्वीरः प्रतीक

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## मुख्यमन्त्री राष्ट्रिय पुरुष कबड्डी प्रतियोगिताको उपाधि आर्मीलाई

कैलाली, ७ वैशाख/रासस

मुख्यमन्त्री राष्ट्रिय पुरुष कबड्डी प्रतियोगिताको उपाधि विभागीय टोली नेपाल आर्मी क्लबले जितेको छ । बुधवार भएको फाइनलमा अर्को विभागीय टोली नेपाल एपिएफ क्लबलाई हराउँदै आर्मीले उपाधि जितेको हो ।




तस्वीरः रासस

आर्मीले एपिएफलाई ४०–१६ ले हरायो । कैलाली जिल्ला कबड्डी सङ्घको आयोजनामा धनगढीमा भएको प्रतियोगिताको उपाधिसँगै आर्मीले रु एक लाख ५० हजार पुरस्कार प्राप्त गरेको छ । उपविजेता एपिएफले रु ८० हजारमा चित्त बुझाएको छ ।

सेमिफाइनल पुगेका दुई टोली सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशले तेस्रो स्थान प्राप्त गरेका छन् । दुवै टोलीले रु ४०/४० हजार प्राप्त गरेका छन् । सुदूरपश्चिम खेलकुद परिषद् मुख्य प्रवर्द्धक रहेको प्रतियोगिताका विजयी खेलाडीहरूलाई एक कार्यक्रमबीच सुदूरपश्चिम प्रदेश सरकारका सामाजिक विकासमन्त्री गोविन्द बोहोराको प्रमुख आतिथ्यतामा पुरस्कार वितरण गरिएको हो ।

# अब स्थापना हुने भयो सिम्रौनगढमा मालपोत कार्यालय

प्रस, सिम्रौनगढ, ७ वैशाख/

मालपोत कार्यालय स्थापनाका लागि बुधवार सिम्रौनगढमा चारवटा घर निरीक्षण गरिएको छ ।

केही दिन पहिले मालपोत कार्यालय, सिम्रौनगढले घर भडामा चाहियो भन्ने सूचना आह्वान गरेको थियो । सो अनुसार आज मालपोत कार्यालय, सिम्रौनगढका प्रमुख कौशलकिशोर झाको नेतृत्वमा सातजनाको टोलीले निवेदकहरूको घर निरीक्षण गरेका हुन् ।

निरीक्षण टोलीमा कलैया मालपोत प्रमुख गोपालप्रसाद बराल, सिम्रौनगढ नापी शाखा प्रमुख रामप्रमोद राउत, कोष तथा लेखा नियन्त्रण कार्यालय, कलैयाका प्रतिनिधिलगायतको टोली ले निरीक्षण गरेका थिए । सिम्रौनगढ हाइवेमा रहेको जटाशङ्कर साह र सैनुल्लाह अन्सारीको पक्की घर, सानो ईटवाल सडकमा रहेको शिक्षक तुजार अन्सारीको पक्की घर, सूर्यवंशी चोक भन्सार रोडमा रहेको गणेश पडित ठेकेदारको पक्की घर निरीक्षण गरियो ।

निरीक्षणका अवसरमा स्थानीय समाजसेवी श्यामकिशोर यादव, सन्तोष कुशवाहा, मदन साहको उपस्थिति रहेको थियो । सिम्रौनगढमा मालपोत कार्यालय स्थापना हुने धेरै दिनदेखि चर्चा रहेको र आज घर निरीक्षण भएपछि स्थानीय सेवाग्राही हर्षित भएका छन् । यस सेवाकेन्द्रले सिम्रौनगढ इलाकाको पचरौता नगरपालिका, आदर्श कोतवाल गाउँ पालिका र सिमरौनगढ नगरपालिकाका सेवाग्राहीलाई सेवा दिने जनाइएको छ ।



मालपोत कार्यालय स्थापनाका लागि घर निरीक्षण गर्दै टोली । तस्वीरः प्रतीक

**ट्राफिक नियमको पालना गरौं ।**

- बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग गरौं ।
- सडक बत्ती हेरेर मात्र बाटो काटौं ।
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ नगरौं ।
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं ।
- पैदलयात्रीले फूटपाथ तथा आकाशे पुल प्रयोग गरौं ।

**सडक दुर्घटनाबाट आफूपनि बचौं, अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# वर्षाले गर्मीबाट राहत

प्रस, वीरगंज, ७ वैशाख/

हिजो मङ्गलवार नयाँ वर्षको पहिलो सातामैं भएको वर्षाले तराईवासीलाई गर्मीबाट राहत प्राप्त भएको छ । मङ्गलवार राति मेघगर्जनसहित केही बेर परेको पानीले राहत प्राप्त भएको छ ।

वर्षाका कारण जरकट्ट परेको जग्गा खनजोत गर्न सहज भएको किसानहरूले बताएका छन् ।

चैतेबाली थन्क्याएपछि रुखो भएको जग्गा खनजोत हुन सकेको थिएन । वर्षा भएपछि अब बर्खे मकै, कोदो लगाउन र बर्खे धानको धुले ब्याड राख्न मिल्ने अवसर पाएकोमा किसानहरू हर्षित छन् ।

केही बेर मात्र परे पनि राम्रो वर्षा भएकोले यसपालि बर्खेबाली समयमैं लगाउन पाइने भएको छ भने तरकारी खेती गर्न सहज भएको किसानको भनाइ छ ।

वर्षा अघि केहीबेर चलेको हावाहुरीले कलिला बोट र तरकारीका लहरा सोत्तर पारेर केही नोक्सान गरेको किसानले बताएका छन् । हावाहुरीले आँप, लिचीसहित फलका चिचिला सोत्तर पारेर झारेको छ । अन्य बालीनालीमा परेको अनुकूलतालाई उपयोग गर्दै चित्त बुझाउनुपर्ने देखिएको छ ।

